## जानकारी

## अपार्टमेन्ट भाडाका लागि मद्दत

अष्ट्रियामा अपार्टमेन्ट लिंदा भाडा र सुरक्षा धरौटी लाग्छ।

### भाडा

तपाईंले अपार्टमेन्टको भाडा लिँदा भुक्तानी गर्ने रकम नै भाडा हो।
तपाईंले प्रत्येक महिना भाडा बुझाउनुपर्छ।
भाडा रकम प्रत्येक महिना एउटै हुन्छ।

### सुरक्षा धरौटी

सुरक्षा धरौटी तीन महिनासम्मको भाडा हुनसक्छ।
तपाईंले एक पटक मात्र सुरक्षा धरौटी बुझाउनुपर्छ: भाडामा बस्नु अगाडि।
यो धरौटी घरधनीका लागि सुरक्षा रकम हो।
यसलाई आवश्यक मर्मतहरूका लागि प्रयोग गरिन्छ
वा तपाईंले भाडा नतिरेको अवस्थामा यसलाई प्रयोग गरिन्छ।

### सुरक्षा धरौटी ऋण

तपाईंसँग सुरक्षा धरौटीका लागि पर्याप्त रकम छ?
यदि छैन भने, लोवर अष्ट्रिया राज्यले तपाईंलाई मद्दत गर्न सक्छ।

लोवर अष्ट्रिया राज्यले तपाईंलाई सुरक्षा धरौटीका लागि रकम दिनसक्छ।
यसलाई “सुरक्षा धरौटी ऋण” भनिन्छ।
तपाईंले यो रकम राज्यलाई फिर्ता गर्नुपर्छ तर तपाईंले ऋणको ब्याज भुक्तान गर्नुपर्दैन।

### सुरक्षा धरौटी ऋण कसले लिन सक्छ?

- अष्ट्रियन नागरिकता भएका व्यक्तिहरू।
- आश्रय प्राप्त गरेका व्यक्तिहरू।

अन्य व्यक्तिहरूले निकायहरूलाई सम्पर्क गर्नुपर्छ।

### सुरक्षा धरौटी ऋण सम्भव छैन

- आश्रय खोजिरहेका आवेदकहरूका लागि।

- सहायक सुरक्षाको अधिकार भएका व्यक्तिहरूका लागि।
  यी ती व्यक्तिहरू हुन् जसलाई आश्रय प्रदान गरिएको छैन तर देश निकाला पनि गरिएको छैन।

**सुरक्षा धरौटी ऋण कसरी प्राप्त गर्ने?**

तपाईंले **आवेदन** पेश गर्नुपर्छ।
तपाईंले इन्टरनेटमा यहाँ आवेदन फाराम फेला पार्न सक्नुहुन्छ:

http://www.noe.gv.at/Gesellschaft-Soziales/Sozialhilfe/Sozialleistungen/Sozialhilfe_Hilfe_in_besonderen_Lebenslagen.html

**ध्यान दिनुपर्ने कुरा:** तपाईंले अग्रिम रूपमा आवेदन दिनुपर्छ र स्वीकृतिको लागि प्रतिक्षा गर्नुपर्छ।
तपाईंले त्यसपछि मात्र बहाल सम्झौताका लागि हस्ताक्षर गर्न सक्नुहुन्छ।
**यदि तपाईंले पहिले नै बहाल सम्झौतामा हस्ताक्षर गर्नुभएको छ भने तपाईंले सुरक्षा धरौटी ऋण प्राप्त गर्न सक्नुहुन्न।**

फाराम भर्नुहोस्।
आवेदनलाई सही निकायमा पठाउनुहोस्, अर्थात्:

- जिल्ला प्रशासकीय निकाय,
  जुन जिल्ला निकाय, नगरपालिका निकाय वा
- आवास नगरपालिका जस्ता स्थानीय निकाय हुनसक्छ

तपाईंले सुरक्षा धरौटी ऋण प्राप्त गर्नुहुनेछ वा छैन भनी निकायले निर्णय गर्छ।
तपाईंलाई **एकपटक मात्र** मद्दतको आवश्यकता भएमा
मात्रै तपाईंले ऋण प्राप्त गर्नुहुन्छ।
यसको अर्थ: त्यसपछि तपाईंले **आफ्नो जीवनयापन लागत आफैं भुक्तान** गर्न सक्षम हुनुपर्छ।
तपाईंसँग भाडा, उपयोगिताहरू, खाद्य, कपडा र धेरैका लागि पर्याप्त रकम हुनुपर्छ।

सुरक्षा धरौटी ऋण तपाईंलाई वास्तवमा आवश्यक हुने रकम मात्र हो।

यसलाई **आपतकालीन अवस्थाहरू**मा मात्र जारी गरिन्छ।

सुरक्षा धरौटी ऋणका लागि **कुनै स्वचालित अधिकार छैन।**

निकायले तपाईंबाट विभिन्न कुराहरू माग गर्न सक्नेछ।

**<u>सुरक्षा धरौटी ऋण प्राप्त गर्नका लागि तपाईंले के गर्नुपर्छ?</u>**

- तपाईंले **सबै प्रश्नहरूको जवाफ दिनुपर्छ।**
- तपाईंले सबै **आवश्यक कागजातहरू** प्रदान गर्नुपर्छ।
- तपाईंले निकायलाई आफ्नो **सम्पत्ति** र आफ्नो **आम्दानी**को बारेमा **बताउनुपर्छ**।
  तपाईंसँग भएका सबै कुरा तपाईंको सम्पत्ति हो।
  तपाईंले आर्जन गर्ने र प्राप्त गर्ने सबै रकम तपाईंको आम्दानी हो।

  निकायले तपाईंसँग मिलेर घरेलु बजेट छुट्याउनेछ।
  निकायले तपाईंको सामाजिक रिपोर्ट तयार गर्नेछ।
  निकायले तपाईंको घरको भ्रमण गर्नेछ।
- तपाईंले आफ्नो अवस्था सुधार्न **आफ्नो मद्दत** गर्नुपर्छ।
  उदाहरणका लागि, तपाईंले सुरक्षा धरौटीको केही भाग आफैंले भुक्तान गर्न सक्नुहुन्छ।
  तपाईंले अपार्टमेन्टमा सर्दा मद्दत गर्न सक्नुहुन्छ।
  यदि आवश्यक भएमा तपाईं घरधनीसँग कुरा गर्न सक्नुहुन्छ।
- यदि तपाईंसँग पछि रकम हुन्छ भने,
  तपाईंले **निकायलाई सूचित** गर्नुपर्छ।
- तपाईंले आफ्नो अधिकारमा भएका **आर्थिक सहयोग तथा सहायताका अन्य सबै प्रकारहरू** दावी गर्नुपर्छ, जस्तै, आवास भत्ता, आवास सहायता, इत्यादि।

## <u>रकम कसले प्राप्त गर्छ?</u>

- सुरक्षा धरौटी ऋणको रकम **सिधै घरधनीलाई** जान्छ।
- तपाईंले **प्रतिज्ञा-पत्र**मा हस्ताक्षर गर्नुपर्छ।
  यस प्रतिज्ञा-पत्रले तपाईंले लोवर अष्ट्रियालाई रकम फिर्ता गर्नुपर्छ भनी घोषणा गर्छ।
- तपाईंले **नियतन घोषणा**मा हस्ताक्षर गर्नुपर्छ।
  यसले जब तपाईंले अपार्टमेन्ट छोडेर जानुहुन्छ
  तब घरधनीले यो रकम लोवर अष्ट्रिया राज्यमा फिर्ता पठाउनुहुनेछ भनी घोषणा गर्छ।

## <u>सुरक्षा धरौटी ऋण कसरी फिर्ता गर्ने</u>?

- यदि घरधनीले सुरक्षा धरौटी ऋणको रकम लोवर अष्ट्रियाको राज्यलाई फिर्ता गर्नुहुन्न भने तपाईंले फिर्ता गर्नुपर्छ।
  प्रतिज्ञा-पत्रमा व्याख्या गरिएको छ कि:
  तपाईंले कहिले र कति रकम भुक्तान गर्नुपर्छ।

तपाईंले अपार्टमेन्ट छोडेपछि,
तपाईंले पूर्ण रकम फिर्ता गर्नुपर्छ।

- नियतन घोषणामा व्याख्या गरिएको छ कि:
  तपाईं अपार्टमेन्ट छोडेर गएपछि घरधनीले सुरक्षा धरौटी फिर्ता गर्नुपर्नेछ।
  घरधनीले सुरक्षा धरौटी रकम सिधै निकायलाई भुक्तान गर्नुहुन्छ।
- निम्न अवस्थामा घरधनीले सुरक्षा धरौटी फिर्ता **गर्नुछैन**:
  * तपाईंले भाडा बुझाउनुभएको छैन
  * मर्मत गर्न आवश्यक छ
  * तपाईंले केही सामान फुटाउनुभएको छ।
  त्यसपछि, तपाईंले आफैंले नै लोवर अष्ट्रिया **राज्यलाई सुरक्षा धरौटी** फिर्ता गर्नुपर्छ।

**<u>चेतावनी! निम्न कुरा महत्त्वपूर्ण छन्:</u>**

- तपाईंले प्रत्येक महिना भाडा बुझाउन सक्नुहुन्छ भने मात्र अपार्टमेन्ट भाडामा लिने
- बहाल सम्झौता गरिएको छ भने मात्र अपार्टमेन्ट भाडामा लिने।
  यदि बहाल सम्झौता गरिएको छैन भने, ग्यारेण्टी गरिएको न्यूनतम आम्दानीमा समस्याहरू हुनसक्छन्।
- बीमा नीति, टिभी, इन्टरनेट, मोबाइल फोन र खरिदहरूका लागि किस्तालाई ध्यानमा राख्नुपर्छ। तपाईंले यसका लागि प्रत्येक महिना भुक्तान गर्नुपर्छ।
- तपाईंको खातामा भएको रकमभन्दा धेरै रकम खर्च नगर्नुहोस्।
- सामानहरू खरिद गर्दा मूल्यमा ध्यान दिनुहोस्।
  सेकेण्ड-ह्याण्ड पसलहरूबाट खरिद गर्नुहोस्:
  त्यहाँ भएका धेरैजसो सामानहरू नयाँ होइनन् तर सस्ता हुन्छन्।
- **प्रत्येक महिना, सबैभन्दा पहिले भाडा, बिजुली र तापको रकम भुक्तान गर्नुहोस्।**